त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इञ्जिनियरिङ्ग अध्ययन संस्थान
Institute of Engineering
Bulletin
GPO Box 1915, Pulchowk Lalitpur, Ph: 977-1-5521531, Fax: 5525830, www.ioe.edu.np, bulletin@ioe.edu.np
२०८० कार्तिक महिनाको बुलेटिन, प्रकाशन मिति: २०८०-०८-१६ (Dec 02, 2023), बर्ष २८ अंक ५, पुल्चोक, ललितपुर।

# त्रि. वि. इ. अ. स. को बिई/बिआर्क प्रवेश परीक्षा सम्पन्न।

त्रिभुवन विश्वविद्यालयको इन्जिनियरिङ्ग अध्ययन संस्थानले विगत ९ बर्षदेखि केन्द्रिकृत रुपमा सूचना तथा सञ्चार प्रविधि केन्द्रको भवनमा कम्प्यूटर माध्याममा आधारित बिई/बिआर्क प्रवेश परीक्षा सञ्चालन गर्दै आइरहेकोमा नयाँ प्रविधिमा आधारित परीक्षा शुरु भएको ९ बर्ष पछि आफ्नो आङ्गिक क्याम्पस पश्चिमाञ्चल, पोखरामा पनि समानान्तर रुपमा उक्त परीक्षा सञ्चालनको शुरुवात गरेकोछ । मिति २०७१ साल देखि इ. अ. स. का तत्कालिन डीन प्रा. डा. भरतराज पहारीको नेतृत्वमा प्रविधियुक्त नयाँ विधिमा आधारित प्रवेश परीक्षाको शुरुवात भएको थियो ।

त्रि. वि. इ. अ. सं. ले मिति २०८० कार्तिक १४ गते देखि २० गते सम्म दैनिक ४ सिफ्टमा कम्प्यूटर प्रविधिमा आधारित बिई/बिआर्क प्रवेश परीक्षा काटमाडौं केन्द्रमा सञ्चालन गरेको थियो भने कार्तिक १६ गतेदेखि १९ गते सम्म पश्चिमाञ्चल क्याम्पस, पोखरामा समानान्तररुपमा सञ्चालन गरेको थियो ।

पूर्ण सुरक्षित वातावरणमा परीक्षा सञ्चालन भएको र पश्चिमाञ्चल क्याम्पसमा सञ्चालन भएको प्रवेश परीक्षाको काठमाडौं केन्द्रबाटै प्राइभेट नेटवर्क र सिसिटिभी मार्फत लाईभ मनिटरिङ् भएकोले पहिलो पटक प्रविधिलाई बिस्तार गरी सफलतापूर्वक परीक्षा सञ्चालन भएको कुरा प्रवेश परीक्षा वोर्डका अध्यक्ष तथा सहायक डीन प्रा. डा. सशिल बहादुर बज्राचार्यले बताउनु भयो ।





परीक्षार्थीहरुले अनलाईनवाटै आवेदन बुझाएर प्रवेशपत्र डाउनलोड गरी भौतिकरुपमा ल्यावमा उपस्थित भई प्रवेश परीक्षा दिएका थिए । यस बर्ष काठमाडौं र पोखरा केन्द्रमा गरी जम्मा ९ हजार ९ सय १ जनाले भौचर भरेका मध्य ९ हजार ७ सय ७१ जनाले आवेदन फारम भरी त्रि. वि. इ. अ. स. अन्तर्गतका आङ्गिक क्याम्पस र संवन्धनप्राप्त कलेजरहरुमा इन्जिनियरिङ्ग अध्ययनको लागि प्रवेश परीक्षामा सामेल भएका हुन, जसमा पहिलो पटक पश्चिमाञ्चल क्याम्पस, पोखरामा ७०१ जना परिक्षार्थीहरु प्रवेश परीक्षामा सामेल भएका हुन । आवेदीत परीक्षार्थीहरु मध्य त्रि. वि. इ. अ. स. का ५ वटा आङ्गिक क्याम्पसमा २ हजार ४० जना र १० वटा सम्बन्धनप्राप्त कलेजहरुमा २ हजार ३ सय ४ जना गरी जम्मा ४ हजार ३ सय ४४ जना विद्यार्थीहरुले प्रति वर्ष इन्जिनियरिङ्ग अध्ययन गर्न पाउँछन । परीक्षाको नतीजा पनि प्रकाशन भएकाले यस बर्ष इ. अ. स. को प्रवेश परीक्षामा ६,७१५ जना परीक्षार्थीहरु मेरिट लिस्टमा परेका थिए । सफल परीक्षार्थीहरुको भर्ना प्रकृया शुरु भएकोले हाल सबै क्याम्पस/कलेजहरुमा भर्ना कार्य भइरहेको छ ।

त्रि. वि. इ. अ. स. ले शैक्षिक बर्ष २०८०/८१ को प्रवेश परीक्षा भाद्र २५ गतेदेखिनै सञ्चालन गर्ने कार्यतालिका प्रकाशन गरेको थियो, तर उक्त सूचना सहित बिद्यार्थी भर्नाको शुल्क बृद्दिको पनि निर्णय सार्वजनिक गरे संगै बिद्यार्थी नेतृत्वबाट बिरोध शुरु भएकाले प्रवेश परीक्षा सञ्चालन अवरुद्द हुन गइ लगभग २ महिना पछिमात्र सञ्चालनमा आएको थियो । यस पटक “समग्रमा १० देखि १५% परीक्षार्थीहरु प्रवेश परीक्षामा सामेल नभएको कुरा प्रा. डा. बज्राचार्यले बताउनु भयो। ।

इ. अ. स. का डीन प्रा. डा. शशीधर राम जोशीज्यूले प्रवेश परीक्षालाई आङ्गिक क्याम्पसहरुबाट पनि सञ्चालन गर्न बिकेन्द्रिकरणको नीति अपनाए संगै पहिलो पटक पश्चिमाञ्चल क्याम्पसमा प्रवेश परीक्षा सञ्चालन गर्न सम्भव भएको हो । इ. अ. स. को अन्य क्याम्पसहरुः पूर्वाञ्चल क्याम्पस, धरान र थापाथली क्याम्पस, काठमाडौंमा पनि आवश्यक पूर्वाधार निर्माण भएपछी प्रवेश परीक्षा सञ्चालन गरिने इ. अ. स. का डीन प्रा. डा. जोशीज्यूले बताउनु भयो । यस पटक पश्चिमाञ्चल क्याम्पस, पोखराले प्रवेश परीक्षा सञ्चालनको पुर्वाधार र प्रविधिको सम्पूर्ण मापदण्ड पुरा गरेको हुनाले प्रवेश परीक्षालाई बिकेनद्रिकरण गर्न सम्भव भएको डीन प्रा. डा. जोशीज्यूले बताउनु भयो ।

सह-प्रा डा. सन्जिब प्रसाद पाण्डे, उप-प्रा दयासागर बराल, उप-प्रा डा. अमन शाक्य र उप-प्रा डा. बाबुराम दवाडी सहितको बिज्ञ टोलीले अघिल्लो बर्षनै आङ्गिक क्याम्पसहरुको पूर्वाधार सम्भाव्यता अध्ययन गरी उपलब्ध प्रतिवेदन वुझाएको आधारमा इ. अ. स. ले यस पटक देखि पश्चिमाञ्चल क्यामपस, पोखरामा पनि प्रवेश परीक्षा सञ्चालन गर्ने निर्णय गरेको थियो ।

“पहोलो पटक इ. अ. स. पश्चिमाञ्चल क्याम्स, पोखराबाट बिकेन्द्रिकरणको नीति अनुरुप प्रवेश परीक्षा सञ्चालन गर्न पाउँदा अत्यन्तै खुशी भएको” पश्चिमाञ्चल क्याम्स, पोखराका क्याम्पस प्रमुख निर्मल बरालज्यूले बताउनु भयो र भविश्यमा कम्प्यूटर ल्याबहरुको क्षमता बढाउँदै थोरै सिफ्टमा प्रवेश परीक्षा सम्पन्न गर्ने प्रतिबद्दता जनाउँदै यो परीक्षा सञ्चालनमा सहभागी भइ सहयोग गर्नुहुने शिक्षक, कर्मचारी र आवेदन दिई पश्चिमाञ्चल क्याम्पसलाई आफ्नो परीक्षा केन्द्र बनाउनु हुने सबै बिद्यार्थी समेतलाई धन्यवाद दिनु भयो ।

# नियुक्ति/सरुवा/बढुवा/राजिनामा/अवकाश

त्रि. वि. इ. अ. सं. अन्तर्गतका विभिन्न निकायहरुमा त्रि. वि. तथा इ. अ. सं. को निर्णय बमोजिम २०८० कार्तिक महिनामा भए गरेका नियुक्ति, सरुवा/वढुवा/अवकाश हुनु भएका साथै विभिन्न पदबाट राजिनामा गर्नु भएका तथा अन्य प्रशासनिक विवरणहरुः

| सि.नं. | नाम | विवरण | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | उप प्राध्यापक डा हरिशरण अधिकारी | त्रि.बि.इ.अ.स. पश्चिमाञ्चल क्याम्पस पोखराको सहायक क्याम्पस प्रमुख (शैक्षिक)पदमा मिति २०८०।०६।२५ गते देखि लागु हुने गरि २ बर्षको लागि नियुक्त गरिएको। | २०८०।०६।२४ | डी.का.क.प्र.फा.नं ५८४।२०८०।२०८१को पत्रानुसार। |
| २ | उप प्राध्यापक श्री होमनाथ तिवारी | त्रि.बि.इ.अ.स. पश्चिमाञ्चल क्याम्पस पोखराको सहायक क्याम्पस प्रमुख (फेसिलिटी म्पानेजमेण्ट) पदमा मिति २०८०।०६।२५ गते देखि लागु हुने गरि २ बर्षको लागि नियुक्त गरिएको। | २०८०।०६।२४ | डी.का.क.प्र.फा.नं ५८२।२०८०।२०८१को पत्रानुसार। |
| ३ | उप प्रशिक्षक श्री रोसन कुमार श्रेष्ठ | त्रि.बि.इ.अ.स. पश्चिमाञ्चल क्याम्पस पोखराको सहायक क्याम्पस प्रमुख (प्रशासन)पदमा मिति २०८०।०६।२५ गते देखि लागु हुने गरि २ बर्षको लागि नियुक्त गरिएको। | २०८०।०६।२४ | डी.का.क.प्र.फा.नं ५८३।२०८०।२०८१को पत्रानुसार। |

## बिद्यावारिधि उपाधि प्राप्त

| क्र.सं. | शोधार्थीको नाम | शोधको शीर्षक | उपाधी | पूरा भएको मिति |
|---|---|---|---|---|
| १. | Shekhar Aryal | Sediment Erosion in Guide Vanes of Francis Turbine | Doctor of Philosophy in Mechanical Engineering | २०८०/०७/२४<br>November 10, 2023 |

# अध्ययन विदा

त्रि. वि. इ. अ. सं. अन्तर्गतका विभिन्न निकायहरुमा त्रि. वि. तथा इ. अ. सं. को निर्णय बमोजिम २०८० कर्तिक महिनामा अध्ययन विदा स्वीकृतिका विवरणहरुः

| सि.नं. | नाम | विवरण | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | उप प्राध्यापक ई. सुरेश तिमिल्सिना | त्रि.बि.इ.अ.सं. पश्चिमाञ्चल क्याम्पस पोखराको इलेक्ट्रोनिक्स तथा कम्प्युटर ईन्जिनियरिङ्ग विभागका उप प्राध्यापक ई. सुरेश तिमिल्सिना Muroran Institute of Technology,Mizumoto-cho, Muroran,Hokkaido Japan मा Division of Engineering बिषयमा बिद्यावारिधि (Ph.D) अध्ययन गर्न मिति २०८०।०६।१५ गते देखि अध्ययन गर्न हाललाई १ बर्षको लागि अध्ययन बिदा स्वीकृति गरिएको । | २०८०।०७।१६ | डी.का.क.प्र.फा.नं ६५४।२०८०।२०८१ को पत्रानुसार। |
| २ | उप(प्राध्यापक श्री अच्युतानन्द भट्टराई | त्रि.बि.इ.अ.सं. पूर्वाञ्चल क्याम्पस धरानको एप्लाईड साईन्स बिभागका अंग्रेजी बिषयका उप-प्राध्यापक श्री अच्युतानन्द भट्टराई Tribhuwan University, Kritipur मा Humanities and Social Scince अन्तर्गत Translation Studies बिषयमा बिद्यावारिधि (Ph.D) अध्ययन गर्न मिति २०८०।०८।१७ गते देखि अध्ययन गर्न हाललाई १ बर्षको लागि अध्ययन बिदा स्वीकृति गरिएको । | २०८०।०७।२३ | डी.का.क.प्र.फा.नं ६९८।२०८०।२०८१ को पत्रानुसार। |


*बुलेटिन प्रकाशन परिवार*

| | | | |
|---|---|---|---|
| प्रा. डा. शशीधर राम जोशी | — संरक्षक | प्रा. डा. चिन्तामणी पोखरेल | — संयोजक |
| प्रा. डा. सुशील बहादुर बज्राचार्य | — सल्लाहकार | बाबुराम दवाडी | — सदस्य (सम्पादक) |
| प्रा. डा. विनोद कुमार भट्टराई | — सल्लाहकार | विदुर ढकाल | — सदस्य |
| सह प्रा. डा. सुरज लामिछाने | — सल्लाहकार | न्हुँछेनारायण श्रेष्ठ | — सदस्य |
| | | पूर्ण प्रसाद गौतम | — सदस्य सचिव |


**इ. अ. सं. का सवै क्याम्पस, सम्वन्धन प्राप्त कलेज, अनुशन्धान/परामर्श केन्द्र, शाखा/महाशाखाहरुलाई अनुरोध!**

इ. अ. सं. का सवै क्याम्पस, सम्वन्धनप्राप्त कलेजहरु, सम्वन्धित विभागहरु, अनुसन्धान/परामर्शसेवा केन्द्रहरु, शाखा/महाशाखाहरु आदिले संस्था र सार्वजनिक सरोकारसँग सम्वन्धित गतिविधिहरु प्रत्येक महिनाको २६ गते भित्र इ. अ. सं. को इ-मेल bulletin@ioe.edu.np मा पठाई सहयोग गर्नुहुन बुलेटिन प्रकाशन समिति हार्दिक अनुरोध गर्दछ। साथै बुलेटिन प्रकाशन सम्वन्धमा कुनै Feedback/Comments र सुझावहरु भएमा सो समेत पठाउन अनुरोध गरिन्छ।

**इ. अ. सं. बुलेटिन प्रकाशन समिति**